जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

आर्थिक वर्ष: २०८३/०८४
मिति: २०८३/०४/१५
बैठक नं. १

आज मिति २०८३/०४/१५ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | श्री जमुना कुमारी बोहरा | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | श्री जगत बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४ | श्री बिर बहादुर दर्लामी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री नविन ओझा | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य | |
| ६ | श्री नन्द राज भट्ट | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ७ | श्री ध्वज बहादुर देउवा | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ८ | श्री गणेश बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ९ | श्री ईन्द्रा देवी ओली | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री खगिता वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री पम्पा देवी थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री खिमा देवी कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लाल बहादुर सार्की | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री सविना वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री गणेश दत्त भट्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | | |
|---|---|---|---|---|
| १ | श्री चन्द्र सिह ऐडी | अधिकृत सातौं | - | |
| २ | | | | |

## जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/१५ मा बसेको बैठकको प्रस्ताव र निर्णय

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | कार्यसम्पादन सम्झौता सम्बन्धमा। | जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कार्यसम्पादनलाई नतिजामुखी र प्रभावकारी बनाई सुशासन एवं परिणाममुखी कार्य संस्कृतिको प्रवर्द्धन गर्न गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा र प्रमुख प्रशासकीय अधिकृत श्री गणेश दत्त भट्ट बीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो। साथै, स्थानीय सरकारको भूमिकालाई अझ बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै समग्र सेवा प्रवाहमा व्यापक सुधार ल्याउन तथा पालिकाका लक्ष्यहरूलाई नतिजामा आबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृत श्री गणेश दत्त भट्ट र गाउँपालिका अन्तर्गतका विषयगत शाखा प्रमुखहरू तथा वडा सचिवहरू बीच आर्थिक वर्ष २०८३/०८४ का लागि कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो। |
| २ | दररेट कायम सम्बन्धमा। | जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि निर्माण सामग्री, ढुवानी दररेट, मेसिन तथा उपकरणको भाडा, कामदारको ज्याला एवं घरजग्गा भाडादर कायम गर्ने सम्बन्धमा; जिल्ला दररेट निर्धारण समिति, डोटीबाट स्वीकृत जिल्ला दररेटलाई आधार मानी कायम गर्ने निर्णय गरियो। साथै, डोटी जिल्लाभित्र अप्राप्य भई जिल्ला बाहिरबाट खरिद गरी आयात गर्नुपर्ने निर्माण सामग्रीहरूको हकमा जिल्ला दररेट निर्धारण समिति, कैलालीबाट स्वीकृत दररेटलाई आधार मान्ने र कैलाली जिल्लाको स्वीकृत दररेटमा समेत समावेश नभएका सामग्रीहरूको हकमा अन्य सम्बन्धित जिल्लाका स्वीकृत दररेटलाई आधार मानी दररेट कायम गर्ने निर्णय गरियो। |
| ३ | अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा। | जोरायल गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरूको स्थलगत अनुगमन कार्य सम्पन्न भएपश्चात्, अनुगमन तथा सुपरिवेक्षण समितिको बैठकमा भएको गहन छलफल एवं संकलित सूचना तथा विवरणका आधारमा तयार पारिएको 'अनुगमन प्रतिवेदन' समितिका संयोजक श्री जमुना कुमारी बोहराज्यूबाट कार्यपालिका समक्ष प्रस्तुत गरियो। तत्पश्चात्, उक्त अनुगमन प्रतिवेदनमाथि विस्तृत छलफल गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। |
| ४ | करार पदपूर्ति सम्बन्धमा। | जोरायल गाउँपालिका वडा नं. १ को कार्यालयमा दैनिक प्रशासनिक कार्य सम्पादनका लागि 'कार्यालय सहयोगी', गाउँपालिकाको निर्माण, सरसफाइ तथा दैनिक कार्य सञ्चालनका लागि 'ट्याक्टर चालक' र देउथला सामुदायिक स्वास्थ्य इकाईमा दैनिक सरसफाइ, सहयोगी कार्य एवं स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाउन 'कार्यालय सहयोगी' पद रिक्त भई सेवा प्रवाहमा कठिनाइ भइरहेकोले; सार्वजनिक सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन करार सेवा मार्फत पदपूर्ति गर्ने निर्णय गरियो। उक्त पदहरूमा नियमानुसार योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट दरखास्त आह्वान गरी खुला प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा पदपूर्ति गर्नका लागि सूचना प्रकाशन गर्ने र प्रचलित कानुन एवं प्रक्रिया बमोजिम पदपूर्ति सम्बन्धी बाँकी कार्य अगाडि बढाउने निर्णय गरियो। |
| ५ | सडक सफाई सम्बन्धमा। | अविरल वर्षाका कारण पहिरो खस्न गई वा रुख ढलेर गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालयहरू जोड्ने मुख्य सडक मार्गहरू अवरुद्ध हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी; सर्वसाधारणको आवतजावत एवं अति आवश्यक सेवा प्रवाहलाई निरन्तर, सहज र सुरक्षित बनाउन गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर प्रयोग गरी तत्काल सडक सफाइ तथा मर्मत-सम्भार कार्य गर्ने र भविष्यमा समेत जुनसुकै समयमा अवरुद्ध हुने सडकहरूलाई सोही बमोजिम तत्काल सफाइ गरी निरन्तर सुचारु राख्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/१५ मा बसेको बैठकको प्रस्ताव र निर्णय

| | | |
|---|---|---|
| ६ | विपद सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा। | जोरायल गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३ साउन १५ गते बसेको बैठकको निर्णय नं. २ अनुसार विपद्जन्य घटनाबाट प्रभावित भएका व्यक्तिहरूलाई राहत उपलब्ध गराउने गरी भएको निर्णयलाई यस गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो। साथै, उक्त राहत बापतको रकम जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट अनुसार "विपद् व्यवस्थापन" (खर्च शीर्षक नं. २७२१२) बाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो। |
| ७ | ठेक्का आह्वान सम्बन्धमा। | (क) यस जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत भएका संघ र प्रदेश सरकार मार्फत हस्तान्तरित तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी र द्रुत रूपमा अगाडि बढाउन सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम इ-बिडिङ (e-Bidding) मार्फत बोलपत्र (ठेक्का) आह्वान गर्ने निर्णय गरियो।<br>**तपसिल:**<br>(१) छतिवन ताल पर्यटकीय स्थल पूर्वाधार निर्माण योजना– रु.६४,२९,००० (संघीय समपुरक अनुदान र पालिका साझेदारी)<br>(२) कर्नासी खोला तटबन्धन– रु.१,५०,००,००० (संघीय विशेष अनुदान)<br>(३) सैगडिगाड बालुवाटार कुमारा खोला तटबन्धन– रु.६७,४२,००० (प्रदेश समपुरक अनुदान र पालिका साझेदारी)<br>(४) जोरायल खेलग्राम तटबन्धन तथा घेरबार– रु.२०,००,००० (प्रदेश समपुरक अनुदान र पालिका साझेदारी)<br>(५) उविगाड लिफ्ट खानेपानी योजना– रु.२०,५०,००० (प्रदेश विशेष अनुदान)<br>(६) थलि ऐतोडा लिफ्ट खानेपानी –रु. २५,५०,००० (प्रदेश विशेष अनुदान)<br>(७) मातृ तथा नवशिशु स्याहार, पोषण खानेपानी सरसफाइ र स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यक्रम -१,२०,००,००० (संघीय विशेष अनुदान)<br>(८) स्वास्थ्य संस्थाहरूमा सेवाको गुणस्तर सुधारका लागि स्वास्थ्य उपकरण तथा प्रयोगशाला सामग्री व्यवस्थापन - रु.२०,५०,००० (प्रदेश विशेष अनुदान)<br>(ख) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य सम्पन्न भइसकेका नदी तथा खोलाहरूबाट आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरूको उत्खनन, बिक्री तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि नियमानुसार ठेक्का (बोलपत्र) आह्वान गर्ने निर्णय गरियो।<br>(ग) यस जोरायल गाउँपालिका क्षेत्रभित्र चालु आर्थिक वर्ष २०८३/०८४ मा कवाडी सामग्रीहरू सङ्कलन तथा बिक्री-वितरण मार्फत आन्तरिक राजस्व असुली एवं व्यवस्थापन गर्ने योजनका लागि सार्वजनिक ठेक्का (बोलपत्र) आह्वान गर्ने निर्णय गरियो। |
| ८ | सिलङ्गीबाग बजार तटबन्धन सम्बन्धमा। | जोरायल गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३ साउन १५ गते बसेको बैठकको निर्णय नं. ३ अनुसार सिलङ्गीबाग बजार क्षेत्र नदी/खोलाको बाढी तथा कटानका कारण उच्च जोखिममा रहेको र तत्काल बचावट तथा तटबन्धन कार्य गर्नुपर्ने अति आवश्यक देखिएकोले; उक्त बजार क्षेत्रको संरक्षणका लागि जोरायल गाउँपालिकाको "विपद् व्यवस्थापन कोष" बाट खर्च हुने गरी रु.१०,००,०००/- (अक्षेरुपी दश लाख रुपैयाँ) बराबरको तटबन्धन कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/१५ मा बसेको बैठकको प्रस्ताव र निर्णय

| | | |
|---|---|---|
| ९ | करार पदपूर्ति सम्बन्धमा। | यस जोरायल गाउँपालिका अन्तर्गतका कार्यालय/संस्थाहरूमा दैनिक प्रशासनिक तथा स्वास्थ्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन देहाय अनुसारका पदहरू रिक्त भई सेवा प्रवाहमा कठिनाइ भइरहेको हुँदा खुला प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो:<br>तपसिल:<br>(क) गडसेरा स्वास्थ्य चौकी: हेल्थ असिस्टेन्ट (पाँचौं तह) - १ (एक)<br>(ख) सरस्वतीनगर प्राथमिक स्वास्थ्य केन्द्र: स्टाफ नर्स (पाँचौं तह) - १ (एक)<br>(ग) गाउँ कार्यपालिकाको कार्यालय: ट्याक्टर चालक (श्रेणीविहीन) - १ (एक)<br>(घ) १ नं. वडा कार्यालय: कार्यालय सहयोगी (श्रेणीविहीन) - १ (एक)<br>(ङ) देउथला सामुदायिक स्वास्थ्य इकाई: स्वीपर (श्रेणीविहीन) - १ (एक) |
| १० | विपद सामग्रीहरु सम्बन्धमा। | जोरायल गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी र द्रुत बनाउनका लागि पालिकाको जिन्सी शाखामा भण्डारण/उपलब्ध रहेका आवश्यक विपद् सामग्रीहरू (खोज तथा उद्धार सामग्रीहरू) आवश्यकता अनुसार तत्काल प्रयोग गर्ने गरी सम्बन्धित वडा कार्यालयहरू तथा सशस्त्र प्रहरी बललाई उपलब्ध गराउने निर्णय गरियो। |
| ११ | म्याद थप सम्बन्धमा। | यस जोरायल गाउँपालिका वडा नं. ३ स्थित चनकट्टेमा निर्माणाधीन १५ शैया अस्पताल भवन निर्माण कार्य (ठेक्का नं. JRM/WORKS/NCB/06/2077/078) का लागि श्री बराह डेभलपर्स प्रा.लि., धनगढी-०४, कैलाली (साविकको राजेन्द्र निर्माण सेवा प्रा.लि.) सँग मिति २०७८/०४/१९ मा खरिद सम्झौता भई मिति २०८०/०४/१८ सम्ममा निर्माण कार्य सम्पन्न हुनुपर्नेमा विभिन्न प्राविधिक तथा व्यावहारिक कारण दर्शाइ म्याद थप भई मिति २०८३/०४/१९ सम्म कायम रहेकोमा; उक्त थप गरिएको म्याद समाप्त हुन लागेको र निर्माण स्थलमा Hill Cutting, जग्गाको क्षेत्रफल, पुराना संरचनाको सुरक्षा तथा Retaining Wall सम्बन्धी प्राविधिक समस्याहरू रहेको जनाउँदै निर्माण व्यवसायीले मिति २०८३/०३/३० (दर्ता नं. ५९६१, मिति २०८३/०३/३१) को पत्र मार्फत पुनः मिति २०८३/०४/२० देखि २०८४/०४/१७ सम्मका लागि म्याद थप गरिपाउन निवेदन पेश गरेकोमा; निर्माण स्थलको विद्यमान भौतिक अवस्था तथा प्राविधिक जटिलतालाई ध्यानमा राखी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट DPR Review समेत भई स्वीकृत भइसकेको सन्दर्भमा; सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को परिधिभित्र रहने गरी, स्वीकृत भई आएको परिमार्जित DPR तथा संशोधित कार्यतालिका अनुसार निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाउने शर्तमा, श्री बराह डेभलपर्स प्रा.लि. लाई मिति २०८३/०४/२० देखि लागू हुने गरी मिति २०८४/०४/१७ सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो। |
| १२ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमा। | यस जोरायल गाउँपालिकाले डोटी जिल्ला स्तरीय १५ औं तथा १६ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार प्रथम स्थान हासिल गरी जिल्लाकै खेलकुद क्षेत्रमा ऐतिहासिक गरिमा र वर्चस्व कायम राख्न सफल भएको गौरवमय पृष्ठभूमिलाई मध्यनजर गर्दै; आगामी आर्थिक वर्ष २०८३/०८४ मा संचालन हुने १७ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता यसै जोरायल गाउँपालिकामा भव्य रूपमा आयोजना तथा संचालन गर्न यो पालिका इच्छुक रहेकोले, सो प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्न र समग्र व्यवस्थापन गर्न पूर्ण रूपमा प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/१५ मा बसेको बैठकको प्रस्ताव र निर्णय

| | | |
|---|---|---|
| १३ | सेवा करार सम्झौता सम्बन्धमा। | जोरायल गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूको करार अवधि मिति २०८३ असार मसान्तमा समाप्त भएको सन्दर्भमा; गाउँसभाको निर्णय बमोजिम सेवा प्रवाहलाई निरन्तर र चुस्त राख्न हालका लागि मिति २०८३ साल पुस मसान्तसम्मका लागि स्वीकृत बजेट र नियमानुसार सम्बन्धित कर्मचारीहरूसँग दुईपक्षीय सेवा करार सम्झौता गर्ने निर्णय गरियो। |
| १४ | टेलिकम टावरको क्षमता वृद्धि सम्बन्धमा। | जोरायल गाउँपालिका वडा नं. ३, ठाँटीगडामा अवस्थित नेपाल टेलिकमको टावरबाट प्रवाह भइरहेको दूरसञ्चार तथा इन्टरनेट सेवालाई अझ गुणस्तरीय, पहुँचयोग्य र प्रभावकारी बनाउनुपर्ने आवश्यकतालाई दृष्टिगत गरी; उक्त टेलिकम टावरको क्षमता वृद्धिका लागि नेपाल टेलिकमलाई र सो टावरमा सहज तथा निरन्तर विद्युत आपूर्ति सुनिश्चित गर्न विद्युत सेवा विस्तार/सुदृढीकरणका लागि नेपाल विद्युत प्राधिकरणलाई औपचारिक रूपमा पत्राचार तथा अनुरोध गर्ने निर्णय गरियो। |
| १५ | खर्चको अख्तियारी सम्बन्धमा। | गाउँसभाबाट स्वीकृत आर्थिक वर्ष २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्य अगाडि बढाउन विषयगत शाखाहरू, वडा कार्यालयहरू र सम्बन्धित इकाईलाई स्वीकृत कार्यक्रम सञ्चालन गर्न तथा नियमानुसार खर्च गर्ने अख्तियारी प्रदान गर्ने निर्णय गरियो। |
| १६ | प्रस्ताव पेश तथा लागत साझेदारी सम्बन्धमा। | यस जोरायल गाउँपालिका वडा नं. ६, निरौली स्थित श्री रघुनाथ माध्यमिक विद्यालयमा विगत केही वर्षदेखि आवासीय रूपमा विद्यार्थीहरू बसी पठनपाठन गर्दै आइरहेकोमा अध्ययनरत विद्यार्थी सङ्ख्याको तुलनामा मौजुदा छात्राबास भवन अपर्याप्त भई आवास तथा पठनपाठनमा समस्या परेकाले नयाँ छात्राबास भवन निर्माणका लागि भारतीय राजदूतावास, लैनचौर, काठमाडौँ समक्ष प्रस्ताव पेश गर्न विद्यालयबाट अनुरोध भई आएकोले उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सहजताका लागि नयाँ छात्राबास भवन निर्माण गर्न अति आवश्यक देखिएकाले भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं मार्फत भारतीय राजदूतावास, लैनचौर, काठमाडौँ समक्ष प्रस्ताव पेश गर्न स्वीकृति प्रदान गर्ने र सो आयोजना सञ्चालनका लागि आवश्यक पर्ने लागत साझेदारी गाउँपालिकाको तर्फबाट व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्दै सिफारिस तथा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| १७ | योजना हस्तान्तरण सम्बन्धमा। | जोरायल गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत उपभोक्ता समितिमार्फत सञ्चालन भई निर्माण कार्य सम्पन्न भएका सम्पूर्ण योजनाहरूको संरक्षण, सञ्चालन तथा मर्मतसम्भारलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक देखिएको हुँदा उक्त योजनाहरू सम्बन्धित उपभोक्ता समिति/समुदायलाई हस्तान्तरण गर्ने निर्णय गरियो। |
| १८ | खेल प्रशिक्षक सम्बन्धमा। | जोरायल गाउँपालिकाले १५ औं र १६ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार प्रथम स्थान हासिल गरेको ऐतिहासिक सफलतालाई निरन्तरता दिंदै आगामी १७ औं प्रतियोगिताको पूर्वतयारीका लागि गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम "तेक्वान्दो र उसु खेल प्रशिक्षक व्यवस्थापन" मा विनियोजित बजेट रु. ५,००,०००/- (पाँच लाख) बाट खर्च हुने गरी श्री गौरीशंकर माध्यमिक विद्यालय, जोरायल-०१, डोटी र श्री घण्टेश्वर.. माध्यमिक विद्यालय, जोरायल-०४ डोटीमा तेक्वान्दो र उसु खेलका १/१ जना प्रशिक्षक व्यवस्थापन गरी प्रशिक्षण सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयहरूलाई नै दिने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत